# चम्पादेवी गाउँपालिका

## कालिका, ओखलढुंगा

### १ नं. प्रदेश, नेपाल

# बार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७९/०८०

**प्रस्तुतकर्ता**
नवराज केसी
अध्यक्ष
चम्पादेवी गाउँपालिका, कालिका
आखलढुंगा

**"प्राकृतिक विविधता सांस्कृतिक पहिचानः समृद्ध चम्पादेवी निर्माण हाम्रो अभियान"**आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम ।

**चम्पादेवी गाउँपालिकाका उपाध्यक्ष ज्यू,**
**गाउँ सभाका सभा सदस्य ज्यूहरु,**

**यस गाउँपालिकाको ऐतिहासीक एघारौँगाउँसभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नुभएका अतिथि लगायत सम्पूर्ण महानुभावहरुमा चम्पादेवी गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा नमन व्यक्त गर्दछु ।**

- ❖ **"प्राकृतिक विविधता चम्पादेवीको सानः समृद्ध चम्पादेवी निर्माण हाम्रो अभियान"**भन्ने मुल नाराका साथ चम्पादेवी गाउँपालिकाको केन्द्र सुन्दरपुरमा गाउँपालिकाको अध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष आगमि आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म अत्यन्त गौरवान्वित भएको छु ।
- ❖ प्रजातन्त्र, गणतन्त्र स्थापना तथा विभिन्न राजनीतिक परिवर्तन साथै संघीयता कार्यन्वयनका लागि भुमिका खेल्नुहुने सवै महानुभावहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु । यसै गरि विभिन्न आन्दोलनको क्रममा बेपत्ता हुनु भएका आम वीरवीरंगनाहरुलाई यस गाउँसभाबाट स्मरण गर्न चाहान्छु ।
- ❖ नेपालको सार्वभौमसत्ता स्वाधीनता भौगोलिक अखण्डता राष्ट्रिय हित स्वाभीमान लोकतन्त्र र जनजीविकाको लागि विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पन गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नु हुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजमा उहाँहरुले पुऱ्याउनु भएको महान योगदानहरुको यस गाउँसभाबाट पूर्ण स्मरण गर्न चाहान्छु ।
- ❖ Covid-19 महामारीका कारणज्यान गुमाउनुहुने चम्पादेवी गाउँपालिका भित्रका नागरिकहरुका सोकाकुल परिवारप्रति गहिरो समावेदना व्यक्त गर्दछु । उपचारत संपूर्ण दिदिवहिनी तथा दाजुभाइहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
- ❖ नेपालको संविधानले व्यवस्था गरे बमोजिम शासकीय स्वरुपमा आएको परिवर्तन स्वरुपको संघीयताको कार्यन्वयनको चरणमा छौं । विभिन्न कालखण्डमा भएका आम नेपाली जनताको आन्दोलन, २०६२/०६३ को जनआन्दोलन, विभिन्न समयमा भएको राजनीतिक आन्दोलनको प्राप्ती स्वरुप आज हामीले आफ्नै घरदैलोमा स्थानीय सरकारको अनुभव गर्न पाइरहेका छौ ।
- ❖ Covid-19 को विभिन्न लहर प्रारम्भ लगतै चम्पादेवी गाउँपालिकाले अवलम्बन गरेको स्पष्ट रणनीति, समन्वयत्मक कार्य शैली एवम गाउँपालिकाको एकता धैर्यता र सहयोगले अहिले सम्म यस रोगको संक्रमणबाट गाउँपालिका भित्र धेरै जसो नागरिकहरुको जीवन रक्षा गर्न हामी सफल भएका छौं । संक्रमण थप फैलिन नदिन र यस महामारी माथी विजय प्राप्त गर्न आगामी दिनमा अझ बढि सर्तकता समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न म सवै मा आह्वान गर्दछु ।
- ❖ स्थानीय तहको स्थापना सँगै प्रथम पटक गाउँपालिका अध्यक्षको जिम्मेवारीमा निर्वाचित गराई पुनः दोस्रो पटक थप जिम्मेवारी तथा विश्वासका साथ उक्त जिम्मेवारीमा निर्वाचित गराउनु हुने चम्पादेवीवासी मतदाता साथै आम नागरिकहरु प्रति हार्दिक धन्यवाद दिदैं

तपाईहरुको भावना र मर्म अनुसार अगाडी बढ्नुको साथै समृद्ध चम्पादेवी निर्माणमा कुनै कसर वाँकी नराख्ने प्रतिवद्धता समेत यस ऐतिहासिक सभा मार्फत व्यक्त गर्न चाहान्छु ।

- Covid-19 महामारीले सिर्जना गरेको हाम्रो जीवनकालकै सर्वाधिक चुनौतीपूर्ण परिस्थितिमा सहयोग गर्नुहुने अग्र पंक्तिमा खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधी एंव राष्ट्रसेवक कर्मचारीहरु तथा आम नागरिकहरु प्रति उच्च सम्मान गर्दै, नागरिकको जीवन रक्षा गर्न र अर्थतन्त्रलाई गतिशील तुल्याउदै पुनरुत्थान गर्न सकिन्छ भन्ने दृढ विश्वासका साथ म आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सार्वजनिक गर्न उपस्थित भएको छु ।

**उपस्थित गाउँसभा सदस्य ज्यूहरु,**

चम्पादेवी गाउँपालिकाको आगामी आ.ब. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा पहिले, यस गाउँसभामा आ.ब. २०७८/०७९ मा प्रस्तुत भएको नीति तथा कार्यक्रमको समिक्षा गर्न चाहन्छु ।

- गाउँपालिकाको चक्रपथ र मुख्य सडक निर्माणलाइ तिव्र गतिमा संचालन गर्दै आइरहेको छौं । जस अनुरुप सिलुङ साइदुवा फताने बारीको ट्रयाक खोल्ने काम सम्पन्न भइ सकेको छ भने रानीवन मोहोरिया डाँडागाउँ विलन्दु खण्ड ट्रयाक खोल्ने कार्य सम्पन्न भई यातायात सुचारु समेत भइसकेको छ। यसरी गाउँपालिकाले निर्माण थालनी गरेको चक्रपथको कुल लम्वाइ करिब ७२ कि.मि र वडा न. १ देखी १० वटै वडाहरुको मुख्य मुख्य नाकाहरु समिटिएको छ ।
- साँघुटार रानीवन घोराखोरी शेरा फेदीगुठ कोष-हाट सडक खण्डलाई कालोपत्रे गरि जिल्ला सडक संजाल सँग जोड्ने कार्यका लागि सघिंय सरकारसँग अनुरोध भए बमोजिम सो कालोपत्रे कार्यको पनि थालनी भइसकेको छ ।
- नवलपुरघाट पलापु भन्ज्याङ्ग, गाउँपालिका केन्द्र सुन्दरपुर, फलाटे भन्ज्याङ्ग कोष-हाट ककनी सडकखण्डको ट्रयाक ओपन कार्य सम्पन्न भई यातायात सुचारु समेत भइसकेको छ । सो सडकबाट आन्तरिक तथा बाह्य पर्यटकहरुको सहज आवतजावतका लागि नवलपुर घाटको सुनकोशी नदीमा समेत पक्कि पुलको निर्माण कार्य अन्तिम चरणमा पुगी निकट भविष्यमा यातायात आवातजावत हुने तयारीमा छ ।
- घोराखोरी विलन्दु श्रीचौर सडकको स्तर उन्नति कार्य तिव्र गतिमा भइरहेको छ ।
- साना सिचाँइ कार्यक्रम SIP सँग साझेदारी गरि यस गाउपालिका क्षेत्र भित्रका उत्पादनशिल भुमिहरुलाइ सिँचित गराउन दशै वडाका योजनाहरुलाइ प्राथमिकिकरण गरि दर्जनौ योजना सम्पन्न भइसकेका छन भने साना सिचाई कार्यक्रम (SIP) लाई आगामी आ.व. मा समेत साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- यस गाउँपालिका भित्र रहेको मुख्य सडक मार्गहरुलाई फराकिलो चौडा बनाई स्तरोन्नती गर्ने काम भईरहेको छ ।
- सामुदायिक भवन निर्माणको कामलाई क्रमश: अगाडि बढाइएको छ ।

- विकास निर्माणको कामलाई गुणस्तरीय, प्रभावकारी, मितव्ययी बनाउन अनुगमनको पाटोलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।
- गाउँपालिका क्षेत्र भरी हुने विकास निर्माणका कार्यलाई सहज बनाउन व्याकहुइलोडरको व्यवस्थापन गरिएको छ।
- चैत्य, गुम्वा तथा मठमन्दिरहरुको निर्माण, स्तर उन्नति एंव प्रवर्द्धन गरिएको छ ।
- विभिन्न वडाहरुमा युवा क्लव भवन, प्रतिक्षालय तथा युवा खेलकुद मैदान निर्माण गरिएको छ ।
- पोखरी भन्ज्याङ्गमा पोखरी तथा हात्तीको प्रतिमा निर्माण गरि आन्तरिक तथा बाह्य पर्यटनको लागि आकर्षक रनमुना कार्य सम्पन्न गरिएको छ ।
- सुन्दरपुर, चिप्लिङ्ग जल्किनि हुदै घोराखोरी विलन्दु जोडने सडक सूचारु गरिएको छ । साथै सुन्दरपुर, भाँगे, चित्रे, आत्मारा, फेदीगुठ जोडने सडक निर्माण भई यातायात सुचारु गरिएको छ ।
- प्राय दश वटै वडामा प्रशासनिक भवन निर्माण गरि सेवा संचालन गरिएको छ ।
- निकट भविष्यमा संचालन हुने गरि वडा नं १, २ र ३ मा केन्द्रिय प्रशासरण लाइन विस्तार कार्य सम्पन्न भएको छ । भने वडा नं. १० मा पूर्ण रुपमा बत्ति संचालन भई सकेको छ ।
- दश वटै वडामा आमा समुह संजाल भवन निर्माणका साथै पालिका स्तरीय आमा समुह संजाल भवन समेत निर्माण भएका छन ।
- सडक बत्तिको अवधारणालाई उत्साहजनक तवरले लिइ सो योजना संचालनको काम भैरहेको छ ।
- एक वार्ड एक खेलकुद मैदान कार्यक्रम अनुसार खेलकुद मैदानहरु निर्माण भइरहेका छन ।गणेशमान सिंह खेलकुद मैदान पुनटार र डल्लिडाँडा खेलकुद मैदान डल्लिडाँडा, भागे रंगशाला खेलकुद मैदान निर्माण गरिएको छ ।
- जिल्लाकै सामाजिक नमुना कार्य यस गाउपालिकाको वडा नं ८ मा आशौच गृह निर्माणको काम सम्पन्न भएको छ ।
- गाउँपालिका भित्रका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा आवश्यक शिक्षक व्यवस्थापन गरी पठनपाठनलाई व्यवस्थीत बनाइएको छ साथै प्राथामिक विद्यालयहरुमा पूर्वाधार विकास तथा बालविकास कक्षालाई व्यवस्थित गरिदै लगिएको छ ।
- शिक्षकहरुको तथ्याङक संकलन गरि व्यवस्थित गर्ने प्रक्रियालाई अवलम्बन गर्दै आइएको छ भने आवश्यकताको आधारमा विद्यालयहरुलाई अपग्रेडिङ गर्दै विद्यालयहरुलाई E-MISप्रणालीमा जोडिएको छ ।
- विद्यालयमा अतिरिक्त क्रियाकलापहरु संचालन गरिदै आएको छ भने बाल दिवस, शिक्षा दिवस कार्यक्रमहरु भव्य र सभ्य रुपमा गरिदै आएको छ ।
- सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम संचालन संगसँगै प्राविधिक शिक्षाको आवश्यकतालाई मध्यनजर गर्दै प्राविधिक शिक्षाको समेत व्यवस्था गरिएको छ ।
- गाउँपालिकाले स्थानीय स्तरमा आफ्नै पाठ्यक्रम निर्माण गरि लागु गरिएको छ ।
- गाउँपालिकाले आफ्नै शैक्षिक कार्यपात्रो तयार पारी लागु गरेको छ ।

- गाउँपालिकाले नमूना विद्यालय घोषणा गरी सो कार्यको समेत कार्यान्वयन गरिरहेको छ ।
- शिक्षण संस्थामा दक्ष जनशक्तिको व्यवस्थापन गर्ने विषयमा देखिएको जटिलताको स्थायी समाधानका लागि शिक्षा ऐनको व्यवस्था मार्फत स्थायी विकल्पको खोजी गरी दिर्घकालिन समाधानको बाटो अवलम्बन गरिएको छ ।
- स्वास्थ्य नै धन हो भन्ने कुरालाई मध्यनजर गर्दे चालु आ.ब. मा औषधी तथा उपचारको अभाव हुन नदिन आवश्यक औषधी व्यवस्थापन गरि निशुल्क रुपमा वितरण गरिदै आएको छ ।
- गाँउपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था नभएका वडाहरुमा आम नागरिकलाई गुणस्तरीय, भरपर्दो र नियमित स्वास्थ्य सेवा पुर्‍याउने उद्देश्यका साथ वडा नं. २, ५,७ र ८ मासंचालन भएका सामुदायिक स्वास्थ्य इकाईहरुलाई व्यवस्थीत गर्ने उदेश्यले पक्की भवनको व्यवस्थापन गरिएको छ । भने वडा नं. ९ को विकट भुगोल डल्लीडाँडा, वडा नं २ को नवलपुरघाट, वडा नं. ३ को सिल्खु वेसीमा सामुदायिक स्वास्थ्य इकाईसंचालन गरिएको छ । भने वडा ५ को आत्मारा, वडा ४ को सिलुङ, वडा नं. ६ को डाडागाँउमा निकट भविष्यमै संचालन हुने गरि तयारी भइरहेको छ ।
- आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन तथा अन्य स्वास्थ्य सामग्रीको उचित व्यवस्थापन गरिसेवा प्रवाह गरिदै आएको छ ।
- Covid-19बाट हुनसक्ने क्षेतीबाट नागरीकलाई जोगाउन उच्च सर्तकताका साथ पालिका स्तरीय अस्पताल रानीवन र कोभिड अस्पताल गाउँपालिका केन्द्रमा आइसोलेसन वेड सहितको सेवा संचालन, स्थापना गरिएको अस्पातालमा अक्सिजन, अक्सिजन कन्सन्ट्रेटर, नेवुलाईजर, ग्लुकोमिटर व्यवस्थापन गरि प्रतिरक्षात्मक औषधीबाट उपचार गर्ने व्यवस्था मिलाउनुको साथै नियमित रुपमा पि.सि.आर एन्टिजिन विधिबाट कोरोना परिक्षण सुचारु गरि Covid-19 सम्बन्धि आवश्यक अन्य स्वास्थ्य सामाग्रीहरु थर्मल गन, स्क्यानर, पि.पि.इ सेट, सेनिटाइजर, ग्वोव्स, माक्स, हेण्डवास, सावुन, स्प्रे को व्यवस्थापन गरिविश्वलाई आक्रान्त वनाएको कोभिड -१९ जस्तो महामारीलाई नियन्त्रण गर्न सफल भएका छौं । साथै सम्पुर्ण नागरिकहरुलाई कोभिड रोग विरुद्धको भ्याक्सिन लगाउने काम अन्तिम चरणमा पुगेको छ ।
- प्रजनन स्वास्थ्यको हकलाई सुनिश्चित गर्दै मातृ तथा शिशु मृत्युदरलाई कम गर्न यस गाउँपालिकाक्षेत्रभित्र रहेका बर्थिङ सेन्टर/प्रसुति गृहमा आवश्यक दक्ष जनशक्तिको व्यवस्था गरिएको छ ।
- महिला स्वास्थ्य स्वयमसेविकाले स्वास्थ्य क्षेत्रमा पुर्‍याएको महत्वपूर्ण भुमिकाको कदर गर्दै प्रोत्साहन भत्तामा नियमित गरिएको छ तथा उमेर हदका कारण अवकाश पाएका महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई सम्मान स्वरुप दिइने रकम समेत नियमित गरिएको छ ।साथै सो क्षेत्रमा लाग्ने अन्य स्वयम् सेविकाहरुलाई निरन्तर लाग्न प्रोत्साहित गरिएको छ ।
- गाउँपालिकाबासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक स्वास्थ्य कर्मीहरुलाई उचित तालिमको व्यवस्था गरिएको छ ।

- एम्बुलेन्स सेवा मार्फत यस गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने नागरिकहरुलाई सेवा विस्तार गर्दै आएको छ भने सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी केन्द्र स्थापना गरि सहज व्यवस्थापन गरिदै आएको छ ।
- यस गाँउपालिका क्षेत्रमा कृषिलाई व्यवसायिकरण, आधुनिकीकरण तथा यान्त्रीकीकरण गर्दै भकारो सुधार कार्यक्रम संचालन गरि व्यवसायिक चौपायापालक कृषकहरुलाई अनुदान वितरण गरिएको छ ।
- विपन्न परिवारको जीवन-स्तर उकास्नको लागी विपन्न परिवार गोठ तथा खोर सुधार कार्यक्रम संचान गरिएको छ । भने मसला बाली तर्फ किसानहरुलाई आकर्षण गर्दै व्यवसायिक अकबरे खुर्सानी खेती तथा अन्य मसला बालीमा प्रेरीत गरी व्यवसायिक खेतीमा बढुवा दिदै आइएको छ ।
- आवश्यक किटनाशक तथा पशुपन्छिको औषधी व्यवस्थापन गरि विभिन्न खाले खाद्य बाली तथा पशुपन्छिहरुमा लाग्ने रोगलाई न्यूनिकरण गर्न उल्लेखिय सहयोग प्रदान गर्दै आएको छ ।
- गाँउपालिकाको भौगोलिक अवस्थितिलाई हेरेर पकेट क्षेत्र विस्तार गर्ने क्रममा आलु पकेट क्षेत्र, अलैची पकेट क्षेत्र, कपास पकेट क्षेत्र विस्तार गरिदै आएको छ ।
- ओखर, टिम्मुर, खेतीलाई बढुवा दिदै अन्य फलफूलहरु (आप, लिची, अनार, कागती, जुनार सुन्तला) खेलीलाई प्रोत्साहित गर्दै परिक्षण बालीको रुपमा ड्रगन फ्रुट्स खेतीको सुरुवात गरिने भएको छ साथै पुष्प नर्सरी स्थापना गरि सर्वसाधारणलाई सर्वसुलभ मूल्यमा उपलब्ध गराउने उदेश्यले स्थापना गरिएको छ ।
- बेरोजगार युवाहरुलाई स्वरोजगार तर्फ अग्रसर गराउन युवा लक्षित कार्यक्रम संचालन गरिदै आएको छ ।
- व्यवसायिक फर्म स्थापना तर्फ बाखा फार्म, बंगुर, माछा तथा कुखुरा फार्मलाई व्यवस्थीत गर्न अनुदानको व्यवस्था गरीदै आएको छ ।
- कृषकहरुको हितलाई सर्वोपरी ठान्दै अनुदानमा विउ बिजन तथा विभिन्न जातका बोट विरुवाहरु उपलब्ध गराईएको छ ।
- चम्पादेवी गाउँपालिका क्षेत्रभित्रको दिगो र व्यवस्थित विकासका लागि वृहत परियोजना प्रतिवेदन/डि.पि.आर तयार गरी सोही अनुसार विकास निर्माणलाई कार्यान्वयन गरिदैं लगिएको छ ।
- खानेपानीको काकाकुल समस्याबाट चम्पादेवी बासीलाई स्थायी रुपमा मुक्त गराउन वृहत खानेपानी योजना कार्यान्वयनमा ल्याईएको छ ।
- गाउँपालिकामा स्थापना भएको विपद व्यवस्थापन कोषबाट प्रकोप पिडीत घरपरिवारलाई नगद तथा जिन्सी राहत वितरण गर्ने कार्य गरिएको छ ।
- जेष्ठ नागरिक सम्मान, परिचय पत्र वितरण तथा घुम्ती शिविर कार्यक्रम संचालन गरिदै आइएको छ ।
- वाल विवाह न्यूनिकरणका लागी जनचेतनामूलक कार्यक्रम संचालन, लैंगिक हिंसा छुवाछुत तथा मानव बेचबिखन विरुद्ध जनचेतनामूक कार्यक्रम संचालन, अपाङ्गता भएको

व्यक्तिहरुकोपहिचान गरि अपाङ्ग परिचय पत्रस्थानीय स्तरमै वितरण, महिला बालबालिका जेष्ठ नागरिक सँग सम्बन्धीत कार्यक्रमहरु संचालन, बाल दिवस, बुहारी छात्रवृति तथा मृतक परिवार राहत कार्यक्रम सम्पन्न गरिएको छ ।

- लामो समय देखी काम गर्ने करारका कर्मचारीहरुलाई अवकाश पश्चात रु. एक लाखका साथमा सम्मान गर्ने कार्यक्रम निरन्तर चलिरहेको छ ।

**उपस्थित गाउँसभाका सदस्य ज्यूहरु,**

आगामी आर्थिक बर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघ तथा प्रदेशबाट जारी भएका विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधी, परिपत्र तथा विभिन्न समयमा प्राप्त निर्देशनहरु, गाउँसभाबाट पारीत भएका विभिन्न ऐन तथा नियमावली, कार्यविधि, निर्देशिका, आवधिक योजना, जनप्रतिनिधिहरुको हैसियतले विभिन्न कार्यक्रम तथा स्थानहरुमा व्यक्त गरेका प्रतिवद्धता, नागरिक समाजको छलफल देखी वडा स्तर हुदै बजेट तथा कार्यक्रम तर्जुमा समिति सम्मका चरणहरुमा भएका छलफल, विभिन्न संघ सस्था र निजी क्षेत्र, साथै राजनितिक अग्रजहरुबाट प्राप्त सुझाव तथा गाउँकार्यपालिका बैठकमा भएका निर्णयहरुलाई मूख्य आधारको रुपमा लिएको छु ।

यसै सन्दर्भमा आ.व. २०७९/०८० को बजेट नीति तथा कार्यक्रमको **उदेश्य एवंम प्राथमिकता** निम्नानुसार भएको व्यहोरा सम्मानीत सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

## उदेश्यहरु

- संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पालिकाभित्र रहेका स्थानीय स्रोत साधन तथा राजश्वको पहिचान र परिचालन गरि पालिकाको आर्थिक समृद्धि हासिल गर्ने,
- पालिका बासीहरुको जीवन स्तर सुधार गर्न आधारभुत आवश्यकताहरुको परिपुर्ती गर्दै गरिबी न्यूनिकरणमा जोड दिने,
- सार्वजनिक, नीजि र सहकारी क्षेत्रलाई प्रोत्साहीत गर्दै भौतिक सामाजिक र पूर्वधार विकासमा जोड दिई समुन्नत सुदृढ र दिगो अर्थतन्त्रको निर्माण गर्ने ।
- कृषि तथा पर्यटन क्षेत्रको पूर्वधार विकास गरि आर्थिक मेरुदण्डको रुपमा कृषि तथा पर्यटन क्षेत्रको विकास गर्ने
- भौतिक संरचना निर्माण गर्दा भु-उपयोग नीतिलाई अक्षरस पालना गरी भु-संरक्षण गर्ने ।
- वेरोजगार समस्याको स्थायी समाधानको उपाय अवलम्बन गर्ने ।
- महिला तथा वालवालिका शसक्तिकरणलाई जोड दिने ।
- अशक्त तथा जेष्ठ नागरिकहरुको आत्मा सम्मान गर्ने ।

## प्राथमिकताहरु :

- Covid-19को संक्रमण रोथामको लागि पालिकाबासी आम नागरिकलाई कोभिड भ्याक्सिन व्यवस्थापनमा पहल तथा उचित उपचारको माध्ययमबाट Covid-19रहित गाउँपालिका बनाउने ।
- पालिका भित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभुत मानविय आवश्यकता परिपुर्ति गर्ने र त्यस्ता क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने ।
- विभिन्न कारणले आयआर्जन गुमाएकाहरुलाई नयाँ रोजगारीको सिर्जना गर्ने ।
- उच्च र दिगो आर्थिक बृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत र साना तथा मझौला उधोगका क्षेत्रमा पुँजी परिचालन गर्ने
- आर्थिक र भौतिक सामाजिक पूर्वधारको विकास गरि समृद्ध गाउँपालिका बनाउने अभियानलाई गति दिन स्वास्थ्य, शिक्षा, खानेपानी, सडक, सिचाई, कृषि, विधुत जस्ता क्षेत्रहरुको निर्माण विकास र विस्तार गर्ने ।
- सुशासन, पारदर्शिता भन्ने अभिप्रायका साथ आम पालिका बासीलाई छिटो छरितो गुणस्तरीय र परिणाममुखी सेवा प्रदान गर्ने
- जलवायु अनुकुलन पर्यावरणीय संरक्षण र विपत व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी कार्यहरु गर्ने ।
- लैंगिक समानता सामाजिक सुरक्षा कायम गर्ने

## योजना तथा कार्यक्रमका छनौटका आधारहरु

- आर्थिक विकास सगँ सम्बन्धीत (कृषि, पशुपालन, जडिबुटी नगदेबाली सडक उधोग, पर्यटकीय क्षेत्र, खानेपानी, विधुत) आदी ।
- Covid-19रोक थाम, नियन्त्रण तथा उक्त कारणबाट आयआर्जन गुमायकाहरुलाई सम्बोधन गरि रोजगारी सिर्जना हुनसक्ने योजना कार्यक्रमहरु ।
- स्वास्थ्य र शिक्षाको गुणस्तरमा अभिबृद्धि हुने कार्यक्रमहरु ।
- अपाङग, जेष्ठ नागरिक, महिला, किशोरकिशोरी तथा बालबालीकाहरु लाभान्वित हुने किसीमका कार्यक्रमहरु ।
- वतावरण संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु ।
- विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रमहरु ।
- क्रममागत तथा पालिकाका रणनीतिक योजना तथा कार्यक्रहरु ।

माथि उल्लेखित नीतिगत उदेश्य, प्राथमिकता, विधि तथा पद्धतीको आधारमा यस गाउँपालिकाबाट आगामी आर्थिक बर्ष २०७९/०८० मा कार्यन्वयन गरिने बार्षिक नीति तथा कार्यक्रम देहाय बमोजिम हुनेछ ।

### स्वास्थ्य तर्फ

- Covid-19बाट आम नागरिकलाई जोगाउन संचालनमा रहेको खोप कार्यक्रमलाई आम नागरिकहरुको पहुँच सम्म पुर्याइनेछ ।

- गाउपालिकाबासी प्रत्येक नागरिकहरुको स्वास्थ्य परिक्षण गरि दिर्गरोगी, अशक्त, वृद्धवृद्धाका लागि महिनामा एक पटक घरमै स्वास्थ्य सेवा उपलब्ध गराउने नीति ल्याइने छ ।
- महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई खाइ पाइ आएको सेवा सुविदामा वृदि गरिने छ ।
- सस्तो र गुणस्तरीय औषधीका लागि गाउँपालिका फार्मेसी संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्रका प्रत्येक नागरिकहरुलाई पाँच वर्ष भित्र पुर्ण स्वास्थ्य विमित वनाईने छ ।
- मेरो स्वास्थ्यः म स्वस्थ मेरो, गाउँ-वडा स्वस्थ अभियान तथा कार्यक्रम संचालन गरिने छ ।
- Covid-19 तथा अन्य कारणबाट संक्रमित भई माथिल्लो उपचारको लागि सुविधा सम्पन्न अस्पतालमा गई भेन्टिलेटरबाट उपचार गर्नु परेमा उपचार सहयोगार्थ रु ३० हजार गाउँपालिकाको तर्फबाट सहयोग गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुमा स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिनेछ । साथै सामुदायिक स्वास्थ्य इकाई स्थापना भएका वडाहरुमा आवश्यक जनशक्ति तथा औषधीको व्यवस्थापन गराई स्वास्थ्य सेवालाई आम नागरिकको पहुँचमा पुऱ्याइने छ ।
- निरन्तर नागरिकको स्वास्थ्य सुरक्षामा खटिनुहुने स्वास्थ्य कर्मीहरुको सेवाको मूल्याङ्कन गरी प्रोत्साहीत गर्न अवलम्वन गरिएको नीतिलाई निरन्तरता गरिनेछ ।
- यस गाउँपालिकामा रहेका महिला स्वास्थ्य कार्यकर्ता तथा स्वास्थ्य कर्मीहरुको क्षमता बिकास सम्वन्धी आवश्यक तालिमको लागि सरोकारवाला निकायसँग पहल गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाको दरबन्दीमा रहेका कर्मचारीलाई अन्यत्र काजमा राख्ने नीतिलाई निरुत्साहित गरिनेछ । स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- उमेरको हदको कारण स्वयमसेविका पदबाट अवकाश प्राप्त गर्ने व्यक्तिलाई एकमुष्ट प्रोत्साहन रकम प्रदान गर्ने व्यवस्था र महिला स्वास्थ्य स्वयमसेविकालाई दिईने प्रोत्साहन भत्तालाई अझ व्यवस्थित गरि निरन्तरता दिइने छ ।
- प्राणघातक रोग क्यान्सर, मुटुको रोग, मृगौला प्रत्यारोपण र मेरुदण्डको समस्याका विरामीलाई गाउँपालिकाको नियमानुसार सहयोगलाई निरन्तरता दिईनेछ ।
- नेपाल सरकारको वजेट भाषणमा उल्लेख भए अनुसार प्राणघातक दिर्ग रोग क्यान्सर, मुटुको रोग, मृगौला प्रत्यारोपण र मेरुदण्डको समस्या भएका विरामीहरुको तथ्यांक संकलन गरि अभिलेख राख्नुको साथै उपलब्ध रकम विरामीको घर दैलो सम्म पुर्‌उने व्यवस्था गरिने छ ।
- चालु आ. ब. मा पनि सुत्केरी भेट कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- हेल्थ युनिटलाई निर्माण भैसकेका सुविदा सम्पन्न  भवनबाट संचालन गरिने छ साथै नेपाल सरकार तथा स्थानीय सरकारको आधा घण्टाको पहुच मा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने नीति अनुरुप थप सिलुङ, आत्मारा, डाडागाँउतथा आवश्यकता अनुसार अन्य स्थानमा स्वास्थ्य युनिटको स्थापना गरिने छ ।
- स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराइने निःशुल्क औषधि तथा अन्य सामाग्रीको उचित व्यवस्थापन मिलाइने छ ।
- स्वास्थ्यकर्मीलाइ दैनिक कामकाज गर्न क्षमता अभिबृद्धि हुने तालिम तथा गोष्ठीको उचित व्यवस्था मिलाइने छ ।
- रिक्त दरबन्दिमा कर्मचारी पदपुर्ति गरि नियमित स्वास्थ्य सेवा प्रदान गरिने छ ।

- सबै स्वास्थ्य संस्थाहरुलाई कम्प्युटर प्रणालीबाट अभिलेख तथा प्रतिवेदनको व्यवस्था मिलाइनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र रानीवनबाट प्रवाह हुने सेवालाई गुणस्तरीय बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।
- निर्माणाधिन पालिका स्तरीय अस्पताल रानीवनको सुविधासम्पन्न भवन गुणस्तरीय छिटो निर्माणका लागि उचित पहल गरिने छ ।
- प्रत्येक स्वास्थ्य संस्था तथा युनिटमा अक्सिजन सहितको एक वेड तयार गरि Covid-19तथा अन्य विरामीहरुको उपचारको व्यवस्था गरिनेछ ।
- देशका कर्णधार कलिला बालबालिका तथा गर्भवती आमाको स्वास्थ्यलाई मध्यनजर गरि गर्भवति आमालाई  पोष्टिक आहारको रुपमा अण्डा वितरण कार्यक्रमलाई निरन्तरता दिनुको साथै थप प्रभावकारी वनाईने छ ।
- गर्भवती महिला जटिलता भई गाउँपालिका बाहिर उपचार गर्न लानुपर्ने भएमा निशुल्क एम्बुलेन्सको व्यवस्थापन गरिने छ ।

## कृषि तथा पशु सेवा तर्फ

- पशु पंक्षिहरुको विमा गरि पशुपालन र कृषिमा विषेश प्राथमिकताका साथ अनुदानको व्यवस्था गरि कृषकहरुलाइ हौसला स्वरुप व्यवसायिक खेती गर्ने कृषकका लागि मल, विउ किटनाषक औषधी तथा प्राविधिक सेवा निशुल्क व्यवस्था गरिने छ ।
- गाउपालिका भित्र एक चिस्यान केन्द्र स्थापन गर्न आवश्यक पहल गरिने छ ।
- चम्पादेवी गाउँपालिका वडा नं. ४, ५, ८, ९ र चम्पादेवी ३ भाँगे, पानसय चित्रे क्षेत्रलाई आलु पकेट क्षेत्र, चम्पादेवी वडा नं. २ पलापुका लागी केरा र भुइकटहर उत्पादन पकेट क्षेत्र र चम्पादेवी वडा १ पलापुका लागि कफी तथा कागती क्षेत्र र चम्पादेवी  वडा नं. ६ र७लाई कागती पकेट क्षेत्र र चम्पादेवी १० लाई अकवरे खुर्सानी र कागती पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- चम्पादेवी ६ को चनौटे र डाडागाउलाई लसुन, प्याज पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- अर्गानिक कृषि वस्तु उत्पादनलाई बढुवा दिइने छ ।
- रासायनिक मल र विषादीको प्रयोगलाई दुरुत्साहीत गरि प्राङगारिक मल र जैविक विषादीको उत्पादन र प्रयोगलाई प्रोत्साहीत गरिने छ ।
- कृषकहरुबाट उत्पादीत फलफूल तरकारी तथा अन्य नगदे बालीहरुको बजारीकरणको सहजिकरण गरिने छ ।
- चम्पादेवी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक कृषि प्रणालीको विकास गर्न चम्पादेवी गाँउपालिका भु उपयोग नीति अवलम्बन गर्दै यस क्षेत्रमा बसोबास गर्ने युवा, लक्षित वर्ग लगायत सम्पूर्ण नागरिकहरुमा आम्दानीको मुख्य स्रोत कृषिलाई अबलम्बन गराउदै लगिनेछ ।
- गाउँपालिकाको कृषि क्षेत्र विकासका लागि एक गाउँ एक कृषि पकेट क्षेत्रको स्थापना गरी लागु गरिनेछ

- सिँचाई कुलो, पोखरी सिचाई, थोपा सिचाइ कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- मौरीपालन, बाखापालन, माछा पालन र  बेमौसमी तरकारी खेतीलाई प्रोत्साहित गरिने छ ।
- आलु, अकबरे खुर्सानी, टिमर, ओखर, अलैची, पकेट क्षेत्रको रुपमा विकास गरिने छ । साथै एक गाउँ एक कृषि उत्पादनको नीति अवलम्बन गरिने छ ।
- रुग्न अवस्थामा रहेका लघु उद्यमीहरुलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्थापन गरी आय आर्जनमूलक  व्यवसायी बनाइ उनीहरुको जीवन स्तर उकास्दै लगिने छ ।
- व्यवसायिक कृषि फार्मलाई प्रोत्साहित गरिने छ ।
- स्थानीय रैथाने जातको बाली तथा पशु संरक्षण कार्यलाई जोड दिइनेछ ।
- सम्भाविवत पशु रोगको रोकथाम तथा उपचारलाई प्रभावकारी बनाई पशुपालनका लागि पशुपंक्षी पकेट क्षेत्र निर्धाण गरीने छ ।
- घासबाली लगाउने कार्यलाई प्रोत्साहीत गरिने छ र उन्नत जातका पशुपालन गर्ने लाई प्रोत्साहन अनुदान दिने व्यवस्थाप मिलाईने छ ।
- कृषक समुहको लागी घुम्ती कृषक कोषको स्थापना गरि लागु गरिने छ ।
- माटो परिक्षणको कार्यलाई विस्तार गरिने छ ।
- एकल महिला तथा यूवा लक्षित कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाइ बेरोजगारी समस्या समाधान गर्ने कृषि नीति ल्याइने छ ।
- सार्वजनिक तथा नीजी बाझ्मो जमिनलाई उपयोग गर्न फलफुल तथा घासे वालीलाई लगाउन प्रोत्साहन गरिने छ ।साथै उत्पादनशिल कृषि उत्पादनमा अग्रसर हुने किसानलाई प्रोत्साहन गरिने छ ।
- कम्तीमा १० जना सम्म व्यक्तिलार्य रोजगारी दिने कृषि उधोग तथा कलकारखाना संचालन गर्ने उधमीहरुलाई अनुदानको व्यवस्था गरिने छ ।
- कृषि व्यवसाय गरि रोजगारीको अवस्था सृजना गर्ने फर्महरुलाई नीति निर्माण गरि निजहरुको मागमा आधारीत कार्यक्रमहरु लागु गरिने छ ।
- एक घर, उत्कृष्ट ३ लइना भैसी तथा गाई पाल्ने किसानलाई उचित अनुदान तथा सहयोग प्रदान गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- कृषि उमधी व्यवसाय तर्फ अग्रसर भइ कृषिजन्य वस्तुहरु उत्पादन गरी गा.पा. लाई आत्मानिर्भर गराउन अग्रसर रहने कृषि व्यवसायी लाई आवश्यक कार्यविधि निर्माण गरि, परिचयपत्र वितरणका साथ प्रोत्साहन भत्ता दिइने व्यवस्था गरिने छ ।
- गा.पा. स्तरिय कृषि सम्बन्धी सम्भाव्यताअध्ययनगरि गा.पा स्तरिय कृषिविकास/खाद्य सुरक्षातथापोषण सुनिश्चितको कार्य कार्यान्वयनगरिनेछ ।
- व्यवसायिक कृषि क्षेत्रको विकास/उत्पादनलागतमा कमि र उत्पादकत्व बृद्धिकालागि कृषिऔजार तथाउपकरणको खरिद तथा कृषकहरुको कृषिकार्यमा योगदानतथा कृषकहरुको

आवश्यकताकाआधारमाप्राथमिकीकरणगरि कृषिऔजार उपकरणवितरणगरिने छ। जस्तै : हाते ट्याक्टर, टनेल खेतिकालागिटनेल, सोलार मोटर, स्प्रेट्याङ्की, चापाकटर आदि।

- गुणस्तरिय खाद्यान्न, तरकारी तथाफलफूलहरुको विउतथाविरुवा वेर्ना उत्पादनको आधार तयार गरी अनुदानमा (पूर्ण तथाआंसिक) वितरणगरिनेछ।
- कृषितथापशुपन्छीविमा सम्बन्धीअगुवा कृषकहरुलाई विमा सम्बन्धीतालिमदिई कृषितथापशुपन्छीविमाको कार्यलाई कार्यान्वयनमाजोड दिइनेछ।
- स्थानीयविउविजनको संरक्षणकालागिविउ वैकको स्थापनागरि स्थानियप्रजातीकाविउहरुको संरक्षणको कर्य गरिनेछ ।
- व्यवसायिक कृषितथापशुपालनकार्यमा संलग्न कृषकहरु कृषिफर्म/कृषि सहकारीहरुको पहिचानगरि कृषिउत्पादनतथाउत्पादकत्व वृद्धिगर्न आवश्यकतालिम सहितविशेष कार्यक्रम सञ्चालनगरिनेछ।
- कृषिजन्यउत्पादन सामाग्रीहरु प्रदर्शन गर्न तथाउत्कृष्ट कृषकहरुको सम्मान/पुरस्कृत गर्न कृषिप्रदर्शनी/भेलाको आयोजनागरिनेछ।
- ICT based Agricultureको प्रयोग गरि कृषितथापशुपालन सम्बन्धि रोग/उपचार/आधुनिकऔजारको प्रयोग/ व्यवस्थित कृषि क्षेत्रकाविकासमाजोड दिइनेछ।
- साना सिंचाई तथाकुलो निर्माण/कृषि सडकनिर्माणमाअनुदानउपलब्ध गराई उक्त समस्या समाधानमाजोड दिइनेछ।
- व्यवसायिक तरकारी तथाफलफूल खेतीगर्ने अगुवा कृषकहरु/युवा कृषकहरुकालागि तरकारी तथाफलफूल संकलन केन्द्र स्थापना र सञ्चालनगरिनेछ।
- स्थानीयव्यवसायीक तरकारी, फलफूलउत्पादन र पोषण सुनिश्चित सम्बन्धीविशेष कार्यक्रम सञ्चालनगर्ने जस अन्तर्गत व्यवसायिक तरकारी, फलफूलउत्पादन सम्बन्धीतालिम, फलफूलविरुवाउत्पादनतथाखरिद गरी वितरण, फलफूल संकलन केन्द्र स्थापना/जुस उत्पादनतथाविक्री केन्द्र स्थापना र संचालनगरिनेछ।
- तरकारी तथाफलफूलको स्रोत केन्द्र स्थापना र सञ्चालनमाजोड दिइनेछ।
- स्थानीय कृषि क्षेत्रको विकास तथापर्यटनप्रवर्द्धन गर्न कृषिपर्यटन(Agro tourism area) क्षेत्र विकास गरि विशेष कार्यक्रमका सञ्चाननगरिने छ।

- व्यवसायिकपशुपालनअन्तर्गत बाख्रापालन, गाई, भैसी, बंगुर पालनकार्यमा संलग्न कृषकहरुलाई तालिम, उन्नतजातकाबोका, राँगावितरणगरि पशुपालनकार्यलाई व्यवसायिकतथाआयआर्जनको मुख्य स्रोतको विकासमाजोड दिइनेछ ।
- गा.पा. तथा स्थानिय सहकारी कृषक समूहहरुको सहकार्यमा गा.पा. स्तरीय खाद्य सुरक्षाको लागि कोल्ड स्टोर/खाद्यभण्डार/सोलार दुग्ध चिस्यान केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।

## वन वातावरण तथा भु संरक्षण तर्फ :

- गाउँपालिका भरिका अतिक्रमण भएका सार्वजनिक जग्गा/चरिचरण क्षेत्र तथा सार्वजनिक बाटोघाटोहरुको संरक्षणका लागि कडाइका साथ आवश्यक पहल गरिने छ ।
- हरित स्थानीय तहको स्थापना, एक वडा एक खुला क्षेत्र, बृक्षरोपन, एक वडा एक पार्क/वगैचा, एक घर एक फुलवारी अभियानलाई कार्यान्वयनको नीति ल्याइने छ ।
- सडक किनार तथा सार्वजनिक खाली जग्गाहरुमा वृक्षारोपण कार्यक्रम सन्चालन गर्ने कार्यलाई निरन्तरता दिइने छ । वैज्ञानीक वन व्यवस्थापन अनुसार सामुदायिक वनहरुलाई सुदृढिकरण गर्ने गरी कार्यक्रमहरु सन्चालन गरिने छ । विकास निर्माणका हरेक कार्यलाई वातावरणमैत्री बनाईनेछ ।
- सामुदायिक, कवुलीयती र निजि वनमा रहेको प्राकृतिक स्रोत र साधनको संरक्षण र उपयोग गरि गाँउपालिका बासीलाई लाभान्वीत गरिने छ ।
- जडिवुटी खेतीलाई व्यवसायिकरण गर्दै लगिने छ ।
- सार्वजनकि स्थल, पार्क तथा वनस्पती उधान निर्माणको लागि आवश्यक जग्गाको व्यवस्थापन गरिने छ।
- वन क्षेत्रभित्र सडक निर्माण गर्दा वातवरणीय प्रभाव मूल्यांकन गरिएका सडकलाई प्राथमिकता दिइने छ ।

## पूर्वाधार विकास तर्फ :

- नवलपुर घाट हुदै लिखु एक्वार सिल्खु वेसी हुदैं चिप्लिङ्ग, घोराखोरी, विलन्दु, डल्लीडाडा, ककनी तालखर्क सम्म १० वर्ष भित्र मोटरबाटो कालोपत्रे गरिने छ ।
- नवलपुर, पलापु, सुन्दरपुर फलाटेभन्ज्याङ्ग सम्म मोटरबाटो स्तर उन्नति गरि पाँच वर्ष भित्र कालो पत्रे गरिने छ ।
- वडा नं १० रानीवन भैसे हुदै लिखु जोडन् मोटरबाटो तथा भाँगे चित्रे आत्मारा हुदै फेदीगुठ फुलवारी विलन्दु सडक १० वर्ष भित्रमा कालोपत्रे गर्ने नीति लिइएको छ ।
- गाउँपालिका भित्रका सवै कच्ची सडकहरुलाई वीस वर्ष भित्र कालो पत्रे गरिने छ ।
- नवलपुर सिल्खुवेसी चिप्लिङ्ग रानीवन मोहोरिया विलन्दु जौखोरीया साइदुवा फलाटे भन्ज्याङ्ग आगमी वर्ष भित्र सम्पन्न गरि यातायात सुचारु गरिने छ ।
- विलन्दु, चित्रे, ढडढडे, पोकली झर्ना जाने मोटरबाटो निर्माण कार्य अगाडी बढाइने छ ।

- डाकघर, खराने डाडा, ककनी सडकलाई पाँच वर्ष भित्र सम्पन्न गरिनुका साथै भाँगे, पुनटार हुदै घाङसाङ जोडिने मोटर बाटो निर्माण गरिने छ।
- वडारे, व्रोप्पाटार, सडक निर्माण अगाडी बढाइने छ।
- निर्माणधिन अवस्थामा रहेका गाउपालिका भरिका १० वटै वडा जोडने रिङ्ग रोड सम्पन्न गरि प्रत्येक वडा पुग्ने यातायात सेवा संचालन गरिने छ।
- चम्पादेवी ६ मा रहेको थामडाडा शुसिलपार्क, चम्पादेवी २ मा रहेको थामडाडालाई गोल्मादेवी पार्क, चम्पादेवी ५ मा मालिङ्गे डाडमा पार्क, वडा नं ९ को डल्लीडाडालाई पार्कको रुपमा विकास गरिने छ।
- चम्पादेवी ९ को डल्लीडाडा, ककनी, तीनतले, तालखर्क हुदै दिम्वा सम्मको बाटोमा साइकिलिङ्ग रेस गर्ने बाटोको विकास गरिने छ।
- प्रत्येक वडामा सार्वजनिक शौचलय तथा घाटालय निर्माण गरिने छ।
- गाउँपालिका भित्र निर्माण भै सकेका सडकहरुको विवरण अध्यावधिक गरि आवश्यक स्थानहरुमा मर्मत संभारको कार्यलाई निरन्तरता दिइने छ।
- गाउँपालिका केन्द्र सवै वडा कार्यालयहरुको केन्द्र र गाउँपालिकाका मुख्य व्यापारीक केन्द्र सम्म जोडने सडकलाई बाह्रै महिना संचालनमा आउने गरि स्तरउन्नती गर्न प्राथमिकता दिइने छ।
- आवधिक योजनाको निर्माण गरी दिगो विकास लक्ष्य, सोह्रौ राष्ट्रिय योजना,संघीय सरकारको बार्षिक कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई स्थानीयकरण गरिदै लगिने छ।
- सडक तथा अन्य भौतिक पूर्वाधारको विकास गर्दै गाउँपालिका क्षेत्र भित्र गाँउपालिका गौरबका आयोजना सञ्चालन गरी दिगो विकास गर्ने लक्ष्य लिईने छ।
- चालु आ.ब.मा सम्पन्न नभएका आयोजनाहरुलाई आगामी आ.व.मा पनि निरन्तरता दिने नीति लिइने छ।
- दिगो विकास गर्न विभिन्न योजनाको लागि आवश्यक डि.पि.आर तथा आइ.इ.इ. प्रक्रियालाई निरन्तरता दिइने छ।
- गाउँपालिका बाट गाउँपालिका भित्रका मुख्य बजार जोड्ने बाटोलाई कालोपत्रेको अवधारणा लिइने छ। साथै मोटरएबल पुलको अवधारणा लिइने छ।
- गाउँपालिका र वडाको प्रशासकीय भवन व्यवस्थापनको लागि उचित पहल गरिने छ।
- राष्ट्रिय प्रसारण लाइन विस्तारको लागि लगानी विस्तार तथा साझेदारीमा कार्यक्रम संचालन गरिने छ।
- पर्यटन क्षेत्र विकासका लागि आवश्यक भौतिक पूर्वधार,पार्क, होमस्टेहरुको निर्माण गरिने छ।
- योजना सम्बन्धि सम्पूर्ण  प्रक्रियालाइ विद्युतिय माध्ययमबाट संचालन गरिने छ।
- नमुना कार्य गर्ने उपभोक्ता समितिलाइ सम्मानको नीति अवलम्बन गरिने छ।
- खेलकुद क्षेत्रको विकासका लागीगणेशमान सिंह खेलकुद मैदान पुनटार, र डल्लिडाँडा खेलकुद मैदान डल्लिडाँडालाइ  रंगशालाको रुपमा विकास गरिने छ। साथै एक वडा एक खेलकुद मैदान निर्माणको अवधारण ल्याइने छ।

- चम्पादेवी गाउँपालिका भित्र उधोगको रुपमा इटा भट्टा संचालन गर्ने उमधमीलाई प्रोत्साहन तथा अनुदान दिइने छ ।
- चम्पादेवी गा.पा. १, २, ६ र ८ लाई एकिकृत वस्ती विकास गरि घोराखोरीलाई औधोगिक ग्रामका रुपमा विकास गरिदै लगिने छ ।
- सुन्दरपुर थामडाँडा सुशिलपार्क मितेरी पुल निर्माणको लागि प्रारम्भीक सर्वेक्षण गरिने छ ।
- कल्पेश्वर महादेव थान माथी थाम डाडा प्याराफिट पदमार्गमा महादेव को मुर्ती निर्माण ३ वर्ष भित्र सम्पन्न गरिनेछ ।
- वडा नं ६ र वडा नं ३ जोडने मोटरेवल पुल तथा प्रत्येक वडाको नाका जोडने खोलाहरुमा कजवे निर्माण गरि यातायात सुचारु कार्य सहज बनाई छ ।
- चम्पादेवी ३ भर्याङ्ग हुदै रामेछाप ४ फ्यामे जोडने मोटरेवल पुल निर्माणमा जोड दिइने छ ।

**शिक्षा,युवा तथा खेलकुद तर्फ**

- **प्रत्येक विधालयमा सवै प्रकारका  पुस्तकहरु उपलब्ध हुने गरि पुस्ताकालय स्थापना गरिने छ ।**
- **प्रत्येक सामुदायिक विद्यालयहरुमा कक्षा ३ सम्म अङ्ग्रेजी माध्ययमबाट पठनपाठन गर्ने व्यवस्था मिलाइने छ ।**
- **दलित तथा पिछडा वर्गका विद्यार्थीलाई प्राविधीक तथा अन्य शिक्षामा छात्रवृति प्रदान गरिने छ ।**
- **गुणस्तर मापन र तथ्यांक सार्वजनिक गर्ने महिनामा एकपटक विद्यालयमा निरिक्षण र अनुगमन गरिने छ ।**
- सबै बालबालिकाहरुलाई विद्यालयमा पहुँच स्थापित गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या शुन्यमा झारिनेछ । गुणस्तरिय शिक्षा प्रदानका लागि स्थानिय पाठ्यक्रमलाई लागु गर्ने निति लिइने छ ।
- शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरवन्दि मिलान गरी नपुग शिक्षक व्यवस्थापन गर्न गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन गर्ने निति लिइनेछ ।
- विद्यालयका प्र.अ. तथा लेखा कर्मचारीहरुलाई IEMISतालिम दिइ यस गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयको तथ्याङ्कलाई व्यस्थित गरिनेछ ।
- विद्यालय हरियाली (School as green Zone ) कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- सबै खालका शिक्षक तथा कर्मचारीहरुलाई पुर्नताजगी तथा अन्तरक्रियात्मक तालिम सञ्चालन गरी दक्ष  शैक्षिक जनशक्ति को अद्यावधिक गरिनेछ ।
- उत्पादन तथा व्यवसायिक प्राविधिक शिक्षालाई जोड दिइ भौतिक पुर्वाधार सम्पन्न सामुदायिक विद्यालयहरुलाई प्राविधिक शिक्षा उन्मुख बनाइने छ ।
- सामुदायिक विद्यालय तथा बाल कक्षा सञ्चालनका लागि दक्ष जनशक्तिको उचित व्यवस्थापन गरिने छ ।

- आधारभुत र माध्यामिक तहका शिक्षक लेखा कर्मचारी तथा बा.वि.के. सहजकर्ताहरुलाई पुर्न ताजगि तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालयमा क्रमश भौतिक सुधार गर्दै लगिने छ ।
- शैक्षिक कार्य पात्रो मार्फत शिक्षण संस्थाको गतिविधिलाई व्यवस्थित बनाइनेछ ।
- नमुना विद्यालयको क्षमता वृदि गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- कार्य सम्पादनका आधारमा उतकृष्ट शिक्षक, विद्यालय तथा SEE परीक्षामा गाउँपालिका भित्र उत्कृष्ट अंक प्राप्त गर्ने छात्र छात्राहरुलाई प्रोत्साहनको लागि उचित व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र बालक्लब तथा खेलकुद क्षेत्रलाई व्वस्थित रुपमा सञ्चालन गर्न खेलकुद मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ । साथै खेलकुदको माध्यमबाट विद्यालय तथा चम्पादवी गाउँपालिकालाइ चिनाउन महत्वपुर्ण भुमिका खेल्ने उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिनेछ ।
- विद्यालयहरुमा विज्ञान प्रयोगशाला कम्प्युटर प्रयोगशाला तथा पुस्तकालाय व्यवस्थापन गरिनेछ ।
- शिक्षासँग सम्बध्द सरोकारवालाहरुको क्षमता विकास गरिने निति लिइनेछ ।
- गाउँपालिका स्तरिय विद्यार्थीहरुको प्रतिभा पहिचान कार्यक्रम गर्ने निति लिइनेछ ।
- गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरुको IEMIS अध्यावधिक गरिनेछ । साथै १ विद्यालय १ कम्प्युटर व्यवस्थापन गर्ने निति लिइनेछ ।
- एक विद्यालय एक बालविकास केन्द्रको स्थापना गरी बालविकास सहजकर्ता प्रोत्साहन गर्ने निती लिइनेछ ।
- विद्यालयको असल अभ्यास आदान प्रदान तथा सहकार्य कार्यक्रमलाई जोड दिइनेछ ।
- प्रत्येक विद्यालयमा सुझाव तथा गुनासो पेटिका राखिने निति लिइनेछ ।
- बालवालिकाहरुसँग पालिका अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कक्षा ५ र ८ को परीक्षालाई स्तरीकरण र व्यवस्थित गरिनेछ ।
- गाँउपालिका भरिका सवै सामुदायिक विधालयहरमा कार्यरत लेखा कर्मचारी वा वि के शिक्षक तथा सहयोगी कर्मचारीहरुको सेवा सुविधा केन्द्रिय नीति अनुरुप नै व्यवस्थापन गरिने छ।
- विपन्न, अनाथ तथा असाहय विद्यार्थीहरुलाई सहायता कार्यक्रम ल्याइनेछ ।
- स्थानिय तहबाटै शैक्षिक वुलेटिङ प्रकाशन गरी स्थानिय स्तरको शैक्षिक गतिविधिलाई पारदर्शी बनाइनेछ ।

- समग्र  विद्यालयको अनुगमन सुपरीवेक्षणमा जोड दिदै शैक्षिक गुणस्तर अभिवृदि गर्ने निति अवलम्वन गरिनेछ ।
- ६ देखि १२ कक्षासम्मका किशोरीका लागि विशेष कार्यक्रम मार्फत सेनेटरी प्याड व्वस्थापनमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र रहेको श्री ज्ञानज्योती सामुदायिक क्याम्पसको शैक्षिक तथा भौतिक उन्नतिको लागि उचित व्यवस्था गरिनेछ ।
- विद्यालय नर्सिङ कार्यक्रमलाई प्रदेश सरकारसँग समन्वय गरी सबै माध्यामिक विद्यालयमा क्रमश लागु गर्दै लैजाने निति लिइनेछ ।
- शिक्षक दरबन्दि मिलान गर्दा प्रस्तावित विद्यलायहरुलाई प्राथमिकता दिइनेछ ।
- कर्मचारी शिक्षक स्वास्थ्य कर्मी लगायतका सम्पुर्ण राष्ट्र सेवकहरुलाई प्रोत्साहन स्वरुप खाजा वापतको साप्ताहीक रु १०० कार्यक्रम लागु गरिने छ ।
- गाउँपालिका स्तरिय विद्यार्थीहरुको प्रतिभा पहिचान गर्नेविभिन्न प्रतियोगिता सञ्चालन गर्ने निति लिइनेछ ।
- गाउँपालिका भित्रका जेहेन्दार विद्यार्थीलाई प्राविधिक र  व्यवसायिक उच्च शिक्षा अध्ययनमा सहुलियत दिने व्यवस्था मिलाइनेछ ।
- निजी शिक्षक मार्फत गरिएको शिक्षक व्यवस्थापनलाई गाउँ शिक्षा ऐनमा उचित कानुनी व्यवस्थापन गरि अनुदान शिक्षकको रुपमा व्यस्थापन गरिने छ ।
- चम्पादेवी गाउँपालिका भित्रका प्रत्येक सामुदायिक विद्यालयहरुमा नियमित अतिरिक्त क्रियाकलप संचालन गरिने नीति ल्याइने छ ।
- सरकारी तथा गैर सरकारी संस्थाको सहयोग समन्वय र सहकार्यमाअनौपचारिक शिक्षाको कक्षा संचालनगरि अभिभावकशिक्षा, शैक्षिकअवस्था सुधारका लागि सचेतनामूलकतथा सहभागितामूलक शैक्षिक सुधार कार्यलाई जोड दिइनेछ, सञ्चालनगरिने छ ।
- विद्यालयको शिक्षाको गुणस्तर सुधार तथा सुनिश्चितगर्न नतिजाविश्लेषण र सुधारात्मकशिक्षणलाई जोड दिइनेछ ।
- गा.पा. स्तरिय शिक्षा सम्बन्धी सम्भाव्यताअध्ययनगरि गा.पा. स्तरिय शैक्षिकविकास तथा सुधारको कार्य योजनातयार गरि कार्यान्वयनगरिने छ ।
- प्र.अ./विषयगतशिक्षक/अभिभावकहरुलाई विद्यार्थीहरुको विकास तथा शैक्षिकसिकाई सुधार, नेतृत्वविकास, शैक्षिकविकास, शैक्षिकगतिविधिअनुगमनतथासहभागितामूलक शैक्षिकगुणस्तर सुधारका लागिउपयुक्ततालिम संञ्चालनगरि शैक्षिकगुणस्तर सुधारलाई कार्यान्वयनमाल्याइनेछ ।

## साँस्कृतिक, धार्मिक तथा पर्यटन तर्फ :

- गाँउपालिका भित्र आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्न प्याराग्लाइडिङको सफल परिक्षण उडान भइसकेको हुदा प्याराग्लाइडिङ तथा होमस्टेलाई पर्यटन प्रबर्द्धनको रुपमा विकास गरिने छ ।
- श्री चम्पादेवी ककनीलाई विश्व सम्पदाको सूचीमा सूचिकृत गर्न आवश्यक पहल गरिने छ ।
- गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन तथा विकासमा स्थानीय सरोकारवालाहरुको साझेदारीमा विकास तथा प्रवर्द्धन कार्यलाई अगाडी बढाई पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय नागरिकलाई प्राथामिकता दिईनेछ ।
- प्रदेश सरकार र गाँउपालिकाको साझेदारीमा चम्पादेवी ककनी, कल्पेश्वर महादेव, तीनतले, मालिङ्गे, तालखर्क,पलापु भिमेश्वर, कवासे थुम्का, गोल्मादेवी, सावित्री देवी, सातकन्या देवी, मनिर गुफा तथा बुढा गणेश, भीमसेनथान, जागेश्वर महादेव, कालिका, सावित्रादेवी थान मन्दिर, थामडाडा, सिंहदेवी, थानीथान, हङकालीदेवी, महारुद्रेश्वर, जाल्पादेवी, कालिका-कालिन्चोक, थामचुरी ककनी लगायतका क्षेत्रलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- गाउँपालिका भित्रका उच्च स्थानमा (पार्क, पिकनिक स्पोर्टस, होमस्टे समेतको) विकासका लागि जोड दिईनेछ ।
- चम्पादेवी १० रानीवनको पोखरी झञ्ज्याङको पोखरीलाई थप व्यवस्थीत वनाई आन्तरीक तथा बाहय पर्यटन प्रवर्द्धनमा जोड दिइने छ ।
- सुनकोशी नदीदेखि उच्च पहाडको तिर्थस्थल, दोस्रो मानसरोवर दूधकुण्डको बीचमा रहेको धार्मिक तिर्थस्थल श्री चम्पादेवीको मन्दिरलाई जिल्लाकै नमूना र ठूलो धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न साझेदारी कार्यक्रम मार्फत अघी बढिने छ ।
- जातीय भेषभुषा, धर्म संस्कृतिको संरक्षण, सम्बर्द्धनका लागि पञ्चेवाजा, ढासी नाच, तामाङ सेलो, वालनभजन जस्ता लोपुन्मुख संस्कृतिहरुको जगेर्ना गर्ने नीति ल्याइने छ।
- गाउँपालिकाका विभिन्न मनोरम स्थल, चोक, पोखरी, ढुंगेधारा तथा पानीको मुहनहरुको संरक्षण र सम्बर्द्धन गरी प्राकृतिक सम्पदाको संरक्षण गरिनेछ ।
- गाउँपालिका भित्रका विभिन्न मठ मन्दिर, चैत्य, गुम्बाहरुको संरक्षण गरिनेछ ।
- आन्तरीक पर्यटनलाई प्रवर्द्धन गर्न स्थानीय सेवाका कर्मचारीहरुलाई १० दिन बराबरको पारिश्रमिक रकम सहित पर्यटन काज उपलब्ध गराइने छ ।
- चम्पादेवी गाउँपालिका वडा नं. ९ स्थीत तामाखानीलाई आवश्यक अनुसन्धानको लागि पहल गरिने छ ।

## खानेपानी तथा सरसफाई तर्फ

- गाउँपालिकाका सवै क्षेत्रमा स्वच्छ खानेपानीको उपलब्ध गराउन आवश्यक व्यवस्था गरिने छ ।
- विगत आ.व. हरुमा Covid-19का कारण सम्पन्न हुन नसकेका खानेपानी योजनाहरुलाई चालु आ. ब. ०७९/०८० मा पनि निरन्तरता दिइ सम्पन्न गरिने छ ।

- चम्पादेवी गाउँपालिका क्षेत्रभित्रको खानेपानीको समस्यालाई स्थायी समाधान गर्नको लागि बृहत खानेपानी अन्तर्गत लिफ्टीङ खोनपानी योजना सन्चालनका लागि निरन्तरता दिईनेछ ।
- सुरक्षित खानेपानी व्यवस्थापनका लागि सहि मुल छनौट गरी एक घर एक धारा बृहत खानेपानी परियोजना सम्पन्न भएका ठाउँमा स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको संरक्षण संबर्द्धन गर्न सोही समुदायलाई उत्तरदायी बनाउदै लगिने छ ।
- गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्नको लागि आवश्यक सुचांक अध्ययन गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।
- सरसफाई प्रवर्द्धनका लागि सार्वजनीक स्थलमा सार्वजनिक सौचालय निर्माण गर्ने नीति लिइने छ ।

## विद्युत तथा उर्जा तर्फ

- गाउँपालिकाको सबै वडाहरुलाई राष्ट्रिय विद्युत प्रसारण लाईनमा जोड्न आवश्यक बजेटको व्यवस्थापन गरि विद्युत लाइन नभएका वडाहरुमाआगामी तीन वर्षभित्र उज्यालो कार्यक्रम मार्फत विद्युत लाइन विस्तार गरिने छ ।
- स्थानीय स्तरमारहेका साना तथा लघु जलविद्युत उत्पादन गृहहरुलाई मर्मतसंभारगरी प्रसारीत विद्युत लाइनका काठे पोललाई विस्थापित गरि केन्द्रिय विधुत प्रसारण लाईनमा जोड्ने नीति लिइने छ ।
- गाउँपालिकामा संचालन गरिएको सडक वत्ति कार्यक्रमलाई वडा स्तर सम्म विस्तार गरिने छ ।

## प्रविधि विकास तर्फ :

- गाँउपालिकामा भए गरेका सूचना तथा गतिविधिहरुलाई विद्युतिय माध्यमबाट सम्प्रेसन गरिने नीति अवलम्बनका लागी आवश्य बजेटको व्यवस्था गरिने छ ।
- बैंकिङ कारोबार मार्फत कर भुक्तानी गर्न गाँउपालिकामा असहज भइ सदरमुकाम सम्म धाउनुपर्ने अवस्थालाई मध्यनजर गर्दै चालु आ.ब. ०७९/०८० मा अनलाइन प्रणालीको विकास गरि कार्यालय बाटै कर भुक्तानी गर्ने व्यवस्था मिलाइने छ ।
- बिकास निर्माणका सम्पूर्ण गतिविधिहरुलाई संचार माध्यम मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ ।
- अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गरिनेछ । गाउँपालिका र सबै वडा कार्यालहरुमा इन्टरनेटको व्यवस्था गरिनेछ ।
- संचार क्षेत्रको विकासका लागी रिपिटर टावर निर्माण कार्यलाई अगाडी बढाउन आवश्यक पहल गरिने छ ।
- स्थानीय रेडियोलाइ बढवा दिई स्थापनार्थ लगिने छ ।
- गाउँपालिकामा पुस्ताकालयको स्थापना गरिने छ।

## लक्षित वर्ग तथा समावेसी तर्फः

- गाउपालिका भित्रका सवै वडाबाट ३३ प्रतिशत महिला सहभागी हुने गरि प्रत्येक वडा बाट १०/१० जनाको दरले जम्मा १०० जना वेरोजगार युवाहरुलाई ड्राइभिङ सेन्टर स्थापना गरि तालिम दिइ दक्ष सवारी चालकको उत्पादन गरिने छ ।
- गाउपालिका भरि रहेका सम्पुर्ण वडाहरुमा चर्खा अनुदान मार्फत महिलालाई प्राथमिकतामा राखी कम्तिमा ५०० जनालाईउनी धागो कटाइ गर्दै पाच वर्ष भित्र घरेलु उद्योगका रुपमा गँलैचा उद्योगको विकास गर्नुका साथै परापुर्व काल देखी उत्पादन गरिएका राडी पाँखी बुनाइ कार्यक्रम संचालन गरि दैनिक आय आर्जन हुने रोजगारको व्यवस्था गरिने छ ।
- गाउँपालिका तथा वडाबाट संचालन हुने नियमीत आयोजनामा सुचिकृत वेरोजगार व्यक्तिाइ पहिलो प्राथमिकता दिइने छ ।
- रोजगार सेवा केन्द्रलाई रोजगार सूचना वा रोजगार वैंक तथा श्रम वैंकको रुपमा विकास गर्ने
- गाउपालिका स्तरीय रोजगार संवाद मञ्च स्थापना गरि आन्तरिह रोजगार सृजनामा विशेष पहल गरिने छ ।
- प्रत्येक वडामा वाल क्लव गठन गरि पालिका स्तरीय वाल संजाल स्थापन गरिने छ।
- लक्षित वर्गको अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी तथा निजी क्षेत्र सँग सहकार्य गरि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- बहु -विवाह तथा वाल विवाह, वोक्सी, छाउपडी, लागयतका सामाजिक कुरीति र अन्धविश्वासको नियन्त्रण गरिने छ ।
- लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरीनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका असहाय, अनाथ, सुस्त मनस्थीति तथा संरक्षक विहिन बालबालीकाहरुको पहिचान गरि उनीहरुको संरक्षणको लागि कार्यविधि बनाई कार्यन्वयनमा ल्याइने छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र वितरणको साथै समयमै सामाजिक सुरक्षा भत्ता वितरणमा थप व्यवस्थीत गर्न बैंकिङ प्रणाली द्धारा वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- जेष्ठ नागरिक सम्मान, परिचय पत्र वितरण तथा घुम्ति सिविर कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- वालविवाह न्युनिकरणका लागि आवश्यक पहल कदमीका विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- लैंगिक हिंसा, यौन हिंसा तथा मानव बेचविखन तथा ओसापसार विरुद्ध सचेतना अभियान चलाइनुका साथै दोषीलाई कार्वाहीको दायारमा ल्याउन आवश्यक पहल गरिने छ ।
- विगतमा झैं अपाङ्गता भएका नागरिकहरुको पहिचान गरि परिचय पत्र स्थानिय स्तरमै वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- पूर्ण अपाङग भएका व्यक्तिहरुको पहिचान गरि ह्विलचेयर उपलब्ध गरिने छ ।
- बालमैत्री स्थानीय शासनको नीति ल्याइने छ ।
- जेष्ठ नागरिकहरुको मनोरञ्जन तथा अनुभव आदन प्रदानका लागि दिवा सेवा केन्द्र खोली संचालनमा ल्याइने र केन्द्रमा रहने जेष्ठ नागरिकहरुको नि शुल्क स्वास्थ्य परिक्षण गर्ने नीति ल्याइने छ ।

- विपन्न एकल पुरुषको तथ्याङक संकलन गरिने छ ।
- श्रीमान वेपत्ता भएको ५ बर्ष भन्दा बढि समय व्यतित भएका तथा श्रीमानले त्यागी अलपत्र परेका अशाहाय महिलाहरुको तथ्याङ संकलन गरि आवश्यकता अनुसारको सीप तथा रोजगारमुलक एवम सामाजिक सुरक्षाका कार्यक्रमहरु संचालन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरी आवश्यक्ता अनुसार कृषि आधुनीकीकरण कार्यक्रमलाई समेत यसै कार्यक्रम मार्फत संवोधन गरिने छ ।
- महिला तथा वालवालिकासँग सम्बन्धित कार्यक्रमहरुलाइ निरन्तरता दिइने छ ।
- बुहारी छात्रवृति तथा मृतक परिवार राहत कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- न्याय सम्पादनका लागि आवश्यक बजेटको व्यवस्था गरि मेलमिलाप केन्द्रहरु स्थापना गरिनेछ भने आवश्यक अन्य न्याय सँग सम्बन्धित कार्यहरु गरिनेछ ।
- अल्पसंख्यक पिछडीएको वर्ग, आदिवासी जनजाती, खसआर्य, दशनामी लगायतका भुमिपुत्रहरुकोपराम्परागत सस्कृतिलाई जगेर्ना गरिर्ने कार्यक्रम लागु गरिने छ ।

## सरकारी तथा गैरसरकारी संघ संस्था तर्फः

- Covid-19को कारण उत्पन्न असहज परिस्थितीको समाना गर्न तत्कालीन आवाश्यकता पहिचान गरी त्यस्ता क्रियाकलापहरु कार्यन्वयन गर्न निजी क्षेत्र, स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था, सहकारी संस्था तथा स्थानीय समुदायिक संस्थाहरुलाई परिपुरक भुमिकामा परिचालन गरिनेछ ।
- गैरसरकारी संघ संस्था अनुगमन इकाई गठन गरी संचालन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- चम्पादेवी गाउँपालिका क्षेत्रमा रहेका गैर-सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

## क्षमता विकास तर्फ

- शिक्षित वेरोजगार युवाहरुलाई उद्घघोषण तालिम तथा लोकसेवा आयोगको खरिदार र नायव सुव्वा वा सो सरह पदको लागि निशुल्क कक्षा संचालन गरिने छ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुको सिप, दक्षता हेरी आयलाई उत्पादन मुलक लगानी तथा कामको अवसर दिइने छ ।

- गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली (tax system) लाई फराकिलो र प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका कार्यक्रमलाई थप व्यवस्थीत गर्दै लगिने छ ।
- क्षमता विकास योजना (capacity development plan) तय गरी गाउँपालिकाको आवश्यकता र चाहाना अनुरुप गाउँपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता

विकास सम्बन्धि विभिन्न किसिमका तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रमहरुलाई संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

- सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरु वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरुलाई सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

## विपद व्यवस्थापन तर्फ

- जलवायु परिवर्तन अनुकुलन तथा विपद व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यमक्रम संचालन गरिने छ ।
- प्राकृतिक रुपमा आउने विपदहरुको रोकथाम तथा न्यूनिकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनलार्भका लागी कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।
- विपद न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्धारको लागि गाउँपालिकामा उपलब्ध जनशक्ति, सामग्री र विपद व्यवस्थापन कोषको परिचालनको माध्यम बाट विपद व्यवस्थापन कार्यविधी, २०७८ अनुसार तत्काल उद्धार गर्ने व्यवस्था गरिने छ ।
- विपद जोखिम पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यन्वयन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

## राजश्व परिचालन तर्फ

- करको दायरालाई पुनरावलोकन गरि विस्तार गर्ने र करको दरलाई परिमार्जन गरि लागु गरिने छ ।
- आन्तरीक राजश्व दाखिला प्रणाली लाई व्यवस्थीत गर्न मासिक रुपमा राजश्व बैक दाखिला गर्ने कार्यलाई कडाई का साथ लागु गर्ने व्यवस्था मिलाईने छ ।
- स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने आन्तरिक राजस्व संकलनका स्रोतहरुको पहिचान तथा परिचालन गरि आन्तरिक राजश्व बृद्धि गर्ने कार्यलाई उचित कानुनी व्यवस्था मिलाई कडाइका साथ लागु गरिने छ ।

चम्पादेवी गाउँपालिका

गाउँसभाका सदस्य ज्यूहरु,

गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि अवलम्बन गरेको नीति तथा कार्यक्रममा समेटिएका विषयहरुको कार्यान्वयन गर्न सके मात्र त्यसले सार्थकता पाउछ । राज्यको संघिय अवधारणा अनुरुप गठित ऐतिहासिक स्थानिय सरकार प्रति आम चम्पादेवी गाउँपालिका बासी जनताको विकास र परिवर्तनको उत्कण्ठ इच्छालाई पूरा गर्नु हाम्रो निर्विकल्प जिम्मेवारी हो । चम्पादेवी गाँउपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरीक सामाज, आम सञ्चारजगत लगायत सम्पुर्ण दिदि बहिनि तथा दाजुभाइहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।
प्रस्तुत आ.व २०७९/०८० को नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सवै पक्षको सल्ला सुझावलाई समेट्ने प्रयास गरेको छु । यस नीति तथा कार्यक्रममा उल्लेखित प्रतिबद्वताहरु आगामी बजेटबाट सम्बोधन हुने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रम कार्यन्वयनका लागि जनप्रतिनिधि, राजनैतिकदलका प्रतिनिधि, कर्मचारी, निजी क्षेत्र संघ संस्था, बुद्धिजीवि वर्ग, पत्रकार लगायत सवै सरोकारवाला महानुभावहरु सहित सम्पूर्ण गाउँबासीहरुको साथ र सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, जनप्रतिनिधि लगाय सम्पूर्ण कर्मचारुहरुलाई विशेष धन्यवाद दिन चहान्छु ।

**धन्यबाद !**

**१० आषाढ, २०७९**

**नवराज के.सी.**
**गाउँपालिका अध्यक्ष**